म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १६८ आइतबार १५ माघ २०७९ ने. सं. ११४३ सिल्लाथ्व 29 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चित्लाङ-थानकोट सडक राती बन्द

हेटौंडा, १४ माघ/मकवानपुरको थाहा नगरपालिकाबाट काठमाडौं जाने आउने छोटो दुरीको चित्लाङ-थानकोट (गणेशमान सिंह मार्ग) सडक स्तरोन्नतीका लागि रातको समयमा आवागमन बन्द हुने भएको छ ।

गणेशमान सिंह मागको चित्लाङ-पानीघाट खण्डमा ग्राभेलिङ, नालालगायतको कामसहित सडक स्तारोन्नती गर्ने भएकोले १५ माघदेखि राती ८ बजेबाट विहान ६ बजेसम्म आवागमन अवरुद्ध हुने थाहा नगरपालिका ९ नम्बर वडा कार्यालयले जनाएको छ । 'सडकको स्तरोन्नतीलगायतको निर्माण कार्य जारी रहेकोले अर्को सूचना जारी नभएसम्म मिति २०७९ माघ १५ गतेदेखि प्रत्येक दिन राति ८ बजेदेखि बिहान ६ बजेसम्म सडक बन्द रहने व्यहोरा जानकारीको लागि यो सूचना जारी गरिन्छ ।,' सूचनामा भनिएको छ ।

## जंकफुडले मासिँदै रैथाने खाजा र पेय पदार्थ

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ मकवानपुरको मनहरी गाउँपालिका-४ की अजिता अर्याल ३ वर्षपछि नेपाल आइन् । ५ वर्षपछि नेपाल आएकी उनलाई घर आउने बितिक्कै घरमै पालेको भैसीको मोहि खान मन थियो । तर, उनकी आमाले हत्तपत्त उनलाई एक गिलास चिसो पेय पदार्थ दिइन् । बल्ल बल्ल नेपाल आइपुगेकी उनीले नेपालमा दही, मोही खान पाइने अपेक्षा गरेकि थिइन्, तर उनले अपेक्षा विपरीत गाउँमा दही, मोही भन्दा धेरै चिसो पेय पदार्थ पाइन् ।

मनहरी घर भएकी अर्यालले बजारको डेरीमा पाइने दही मोहीले नै चित्त बुझाइन् । 'पहिले पहिले गाउँघर, मामाघर र आफन्त सबैको घरमा ३-४ वटा दुहुना हुन्थे । दूध, दही, मोही त टन्न खाइन्थ्यो तर अहिले सबैको छोरा छोरी हामजिस्तै केहि बजारमा बस्छन्, केहि विदेशमा छन् । घरमा कोही नहुँदा गाई भैंसी पाल्न छोडेछन्', उनले भनिन् । उनले पेय पदार्थ मात्रै होइन बिहान बेलुकाको खाना र खाजामा पनि परिवर्तन आएको पाइन् ।

पहिला पहिला गाउँघरमा कोदो, मकैको रोटि, भुटेको मकै र सातु खाजा खाने उनले ५ वर्षपछि नेपाल आउदाँ चाउचाउ, विस्कुट, ममः र चाउमिन जस्ता खाजा मात्रै खान पाइन् । 'गाउँघरमा पहिले, पहिले रोटी, पुवा, मकै, भटमास, दही, मोहीको खाजा हुन्थ्यो, तर अहिले चाउचाउ, चाउमिन, रेडिमेट खाजाहरु चलनमा छन्, उनले भनिन् । हेटौंडा उपमहानगरपालिका वडा नम्बर १२ का बुद्ध लामाको अनुभव पनि उस्तै छ । विदेशमा बसेर जंकफुड खाएर वाक्क भएका उनले नेपालमा गाउँकै रैथाने खानेकुरा खान पाइने अपेक्षा गरेका थिए । तर, गाउँमा उनले विदेशमा भन्दा धेरै जंकफुड खाएको सुनाउँछन् । 'बरु विदेशमा हामी स्वथ खाने भनेर सागपात बढि खान्छौ । तर,गाउँमा त बिहान उठेदेखी बेलुका सुत्ने बेलासम्म प्रायःसबैकुरा बाहिरबाट तयार पारिएको जंकफुड प्रयोग हुने रहेछ',उनले भने ।

गाउँघरमा चाडपर्वमा त झन कार्टुनका कार्टुन चिसो पेय पदार्थ, चाउचाउ जाने गरेको स्थानीय व्यापारीहरु बताउँछन् । लामो समयदेखी किराना पसल चलाइरहेका रमेश ढुंगाना भन्छन्, 'पहिले पहिले सबैभन्दा धेरै बिक्री हुने भनेको चिउरा थियो । दशैं र असारमा चिउराको गोदाम नै रित्तिन्थ्यो । अहिले धेरै जाने भनेको चिसो र चाउचाउ हो । दशैंमा त एउटै परिवारलाई दुई कार्टुनसम्म चिसो बिक्री गरेको छु ।'

अर्को व्यवसायी अजि ढकाल चाडपर्वमा झन् सबैभन्दा बढि चिसो र मादक पदार्थ बिक्री हुने बताउँछन् । उनले गएको दशैमा पनि बसैभन्दा धेरै बियर बिक्री गरेका थिए । ' अहिले घरमा पाउना आउने बित्तिकै चिसो खुवाउने चलन बढेकोले पनि बियर धेरै जान्छ । चाउचाउ पनि उस्तै जाने गरेको छ,' उनले भने । यस्तो अवस्था अहिले सबैजसो गाउँमा देखिँदै आएको छ । गाउँका साना बजारमा सबैभन्दा धेरै बिक्री हुने पदार्थमा चिसो पेय पदार्थहरु, 'जंक फुड'हरु नै हुन् । असारको रोपाईंमा होस वा मंसिरको धान भित्र्याउने अवसरमा, कुनै चाडपर्वमा होसस् वा दैनिक खानपानमा अहिले गाउँदेखि शहरसम्म रैथाने खाजाहराउँदै गएको छ ।

हेटौडाको एक अग्रज वृद्धा ईन्द्रमाया नेपाल नेपालीहरुले आफ्नो खाजामा गौरव गर्न नसकेकोमा दुखेसो गर्छिन् । 'हामीले आफ्नो चिजमा गौरव नै गर्न सकेनौं, त्यसकारण विदेशीको अनुकरण नै हामीलाई ठुलो लाग्ने गरेको छ', उनले भनिन्, 'अहिले गाउँमा छ्याङको सट्टा बियर, दहि मोहीको साटो चिसो पेय पदार्थ, रैथाने खाजाको सट्टा चाउचाउ, चाउमिन, प्याकेटका खाजा प्रयोग हुन थालेको छ ।' उनले बजारमा पाइने यस्ता तयारी खानेकुराले बालबालिका धेरै बिरामी हुने गरेको पनि बताइन् ।

पछिल्लो समय अति प्रशोधित खानेकुराको उपयोग बढ्दा स्वास्थ्य क्षेत्रमा पनि जोखिम बढ्दै गएको पोषणविद् मधु थापा बताउँछिन् । 'अहिले रैथानै खाजाको सट्टामा अतिप्रशोधित खानेकुराको प्रयोग गर्ने विकृति बढिरहेको छ । यसले फाइदा त गर्दै गर्दैन । स्वास्थ्यको हिसाबले जोखिम पनि बढाउँछ,' थापा भन्छिन्, 'अहिले हाम्रा स्थानीय पेय पदार्थ मोही, दही, सर्वतको साटो कोल्ड ड्रिंक्सहरु प्रयोग भइरहेका छन् । यसले मधुमेहका रोगी बढाइरहेको छ भने पाचन प्रणालीमा गम्भीर असर पारिरहेको छ ।' थापाको अनुसार अतिप्रशोधित खानेकुराको असरबारे सचेतनाको अभाव नेपाली समाजमा प्रष्ट देखिएको छ । विज्ञापनको प्रभाव शहरदेखि गाउँसम्म पुग्दा पनि अतिप्रशोधित खानेकुराहरुले रैथाने खानेकुरालाई विस्थापित गराइरहेको थापाले बताइन् ।

गाउँघरमा रैथाने खानेकुरा लोप हुँदै गइरहेको बेलामा मकवानपुरको मकवानपुरगढी गाउँपालिकाले विद्यालयको दिवा खाजामा स्थानीय रैथाने बालीको परिकार समावेश गर्ने निर्णय गरेको छ । स्थानीय रैथाने बाली प्रबर्द्धनमा लागेको गाउँपालिकाले हप्ताको एक दिन पलिका भित्रका सम्पूर्ण विद्यालयहरुमा दिवा खाजाका रुपमा स्थानीय स्तरमा उब्जने रैथाने वालीको परिकार खुवाउने निर्णय गरेको हो ।

गाउँपालिका भित्र रहेका विद्यालयहरूमा प्रत्येक हप्ता बिहीवार विद्यार्थीहरूलाई स्थानीय एवम् रैथानेबालीका परिकार दिवा खाजाको रूपमा समावेश गर्ने निर्णय गरेको गाउँपलिकाकाले जनाएको छ । गाउँपालिकाले कोदोको न्यूनतम समर्थन मूल्य प्रति केजी ४५ रुपैयाँ र फापरको प्रति केजी ८० रुपैयाँ निर्धारण गरेको छ ।

गाउँपालिकाले स्थानीय स्तरमा उत्पादन हुने रैथाने बालीलाई निकै महत्व दिएर त्यसको संरक्षण र सम्बर्द्धमा लागेको छ । स्थानीय स्तरमा उत्पादन हुने त्यस्ता खाद्यान्नको संरक्षण र प्रवर्द्धनका लागि विभिन्न योजनाहरु ल्याएर काम गरिरहेकै कारण हाल स्थानीय स्तरमा रैथाने बालीको उत्पादन समेत वृद्धि भएको गाउँपालिकाका कृषि प्राविधिक चन्द्रकान्त चौधरीको भनाई छ ।

### रैथाने खाजा बनाउने तालिम

हेटौंडा, १४ माघ/ मकवानपुरको मकवानपुरगढी गाउँ पालिकाको विद्यालयका कर्मचारीहरुलाई रैथाने बालीको खाजाको परिकार बनाउने तालिम दिइएको छ ।

गाउँपालिका भित्रका विद्यालयहरुमा दिवा खाजामा रैथानेबालीको परिकार समावेश गर्न खाजा बनाउन संलग्न कर्मचारीहरुलाई परिकार बनाउने तालिम प्रदान गरिएको हो ।

विद्यालयमा खाजाको रुपमा पकाउन सकिने परिकारहरु कोदो र फापरको हलुवा, नमकिन, फुलौरा पकाउन सिकाइएको मकवानपुरगढी गाउँपालिका कृषि शाखाका प्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिए । तालिम पश्चात उक्त विद्यालयहरुमा हप्ताको एक दिन रैथानेबालीको परिकार खुवाउन शुरुवात गरिने उनले बताए । पहिलो चरणमा वडा न १, २, ३, ४ र ६ का गरि १५ वटा विद्यालयका खाजा बनाउने कर्मचारीहरुलाई तालिम प्रदान गरिएको चौधरीले बताए ।

यसअघि मकवानपुरगढीको कार्यपालिकाको बैठकले पालिका भित्रका हरेक विद्यालयमा हप्ताको एक दिन विहिबार स्थानीय एवम् रैथानेबाली परिकार विद्यालय दिवा खाजामा समावेश गर्ने निर्णय गरेको थियो ।

## दुर्घटनामा हेटौंडाका तितुङको मृत्यु

साझाकुरा संवाददाता


हेटौंडा, १४ माघ/ जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा तेल ट्याङकरले मोटर साइकललाई ठक्कर दिँदा हेटौंडाका एक व्यक्तिको मृत्यु भएको छ ।

मनहरी-६ नयाँबस्तीमा भएको दुर्घटनामा हेटौंडा उपमहा नगरपालिका-१५ बस्ने ४० बर्षीय शंकरत्न तितुङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरिक्षक टेक बहादुर कार्कीले जानकारी दिए । तितुङको मृत्यु भएपछि स्थानीय बासिन्दाहरुले दुई घण्टासम्म पूर्व पश्चिम राजमार्ग अवरुद्ध गरेका थिए ।

डिजेल बोकेर हेटौंडाबाट चितवनतर्फ जाँदै गरेको ना ७ ख ८४७८ नम्बरको ट्याङ्करले विपरित दिशाबाट आउँदै गरेको ना १४ प ९९४३ नम्बरको मोटर साइकललाई ठक्कर दिँदा मोटर साइकल चालक तितुङको मृत्यु भएको हो ।

यसैगरी, अचेत अवस्थामा भेटिएका हेटौंडाका एक व्यक्तिको पनि मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । हेटौंडा उपमहानर पालिका-९ पशुपतिनगर बस्ने ४० वर्षीय नवराज लामाको मृत्यु भएको डिएसपी कार्कीले बताए ।

शनिबार बिहान हेटौंडा-४, स्थित नेपाल बैंक नजिक सडक छेउमा लामा अचेत अवस्थामा फेला परेका थिए । उनको उपचारको लागि हेटौंडा अस्पताल लगिएकोमा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।




## प्रतिनिधिसभा नियमावली मस्यौदा समितिमा बर्तौला

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ प्रतिनिधिसभा नियमावली मस्यौदा समितिको सदस्यमा मकवानपुका सासद महेशकुमार बर्तौला चयन भएका छन् । नियमावली मस्यौदा समितिमा नेकपा (एमाले)को तर्फबाट मकवानपुर-२ बाट प्रत्यक्ष निर्वाचित सांसद बर्तौला सदस्यमा चयन भएका हुन् । नेपालको संविधानको धारा १०४ को उपधारा १ बमोजिम



प्रतिनिधिसभाले आफ्नो कार्य संचालन गर्न र बैठकको सुव्यवस्था कायम राख्न नियमावली निर्माण गर्ने गर्दछ । नियमावली मस्यौदा समितिमा नेकपा (एमाले)ले सांसदहरु लीलानाथ श्रेष्ठ, सुभाषचन्द्र नेम्वाङ, विद्या भट्टराई र महेश बर्तौलालाई पठाएको थियो । समितिलाई प्रतिनिधिसभाले बहुमतले पास गरेको थियो । समितिमा अनिता देवी, अमरेस कुमार सिंह, गंगाराम चौधरी, चित्रबहादुर केसी, जीवन परियार, दिलेन्द्र प्रसाद बडू, नागिना यादव, प्रकाश ज्वाला, प्रदीप यादव, प्रेम सुवाल, रमेश लेखक, शक्तिबहादुर बस्नेत, सर्वेन्द्रनाथ सुक्ला, सीता गुरुङ, सोविता गौतम, हितराज पाण्डे, ज्ञानबहादुर शाही सदस्य रहेका छन् ।



साझाकुरा

## हाम्रो कुरा

# बागमतीमा चल्ने सवारीको बागमतीमै कर तिराऊ सरकार

बागमती प्रदेश सरकार विस्तार भएसंगै नवनियुक्त श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठले प्रदेशअन्तर्गत्का यातायात कार्यालयहरुमा बिचौलीहरु प्रवेशमा रोक लगाउने निर्णय गरेका छन् । यातायात कार्यालयमा गएर कर तिरेर सवारी दर्ता, नवीकरण, रुट परमिट बनाउन नसक्ने सेवाग्राहीहरुलाई सहजीकरण गरेर आयआर्जन गरिरहेका बिचौलीया हटाउनुभन्दा पहिला प्रदेशभित्र चल्ने सवारी साधनहरुलाई प्रदेशअन्तर्गत्का यातायात कार्यालयमा गएर कर तिराउने बतावरण सिर्जना गर्नुपर्ने हो कि ? बिचौलीया रोकेरभन्दा बागमतीको बाटोमा हिंड्ने तर, कर चाहिँ अन्य प्रदेशमा तिर्ने सवारीहरुलाई प्रदेशअन्तर्गत्का यातायात कार्यालयमा दर्ता, नवीकरण गर्ने वातावरण बनाउन सके अर्बौ राजश्व बढ्ने थियो कि ? हाल बागमती प्रदेशमा सञ्चालनमा रहेका अधिकांश सवारीसाधन मधेश प्रदेशमा दर्ता र नवीकरण भइरहेका छन् । जबकि मधेश प्रदेशमा हुने सवारी दर्ता तथा नवीकरणको दर बागमतीको भन्दा कम छ । दर्ता, नवीकरण र रुट इजाजत दस्तुरसमेत बागमतीभन्दा मधेश प्रदेशको कम भएपछि टाढा भएपनि व्यवसायीहरु मधेशबाटै आफ्नो सवारीको दर्ता, नवीकरण गरिरहेका छन् । यतातर्फ ध्यान दिन हालसम्म प्रदेश सरकार चुकेको छ । त्यसैले अहिले पनि बागमती प्रदेशभित्रका रुटमा चल्ने सवारीहरु मधेश प्रदेशबाटै दर्ता, नवीकरण भइरहेका छन् ।

निजी र पर्यटन सवारी अन्तर्गत् कार, जीप, भ्यान, माइक्रो बसको दर्तामा वार्षिक १००० सीसीसम्म बागमती प्रदेशमा २१ हजार, मधेशमा १९ हजार रुपियाँ, १००१ देखि १५०० सीसीसम्म बागमतीमा २३ हजार पाँचसय, मधेशमा २१ हजार रुपियाँ, १५०१ देखि २००० सीसीसम्म बागमतीमा २५ हजार पाँचसय र मधेशमा २३ हजार रुपियाँ, २००१ सीसीदेखि २५०० सीसीसम्म बागमतीमा ३५ हजार पाँचसय र मधेशमा ३२ हजार रुपियाँ २५०१ सीसीदेखि २९०० सीसीसम्म बागमतीमा ४१ हजार रुपियाँ र मधेशमा ३७ हजार रुपियाँ र २९०१ सीसीदेखि माथि बागमतीमा ५८ हजार पाँचसय र मधेश प्रदेशमा ५३ हजार रुपियाँ कायम छ । यस्तै, तीन पाङ्ग्रे टेम्पोको हकमा बागमतीमा पाँच हजार पाँचसय र मधेश प्रदेशमा पाँच हजार रुपियाँमात्र कायम छ । मोटरसाइकल तर्फ १२५ सीसीसम्म बागमतीमा दुईहजार आठसय, मधेशमा दुई हजार पाँचसय, १२६ सीसीदेखि १६० सीसीसम्म बागमतीमा चार हजार पाँचसय मधेशमा चार हजार रुपियाँ, १६१ सीसीदेखि २५० सीसीसम्म बागमतीमा पाँचहजार पाँचसय र मधेश प्रदेशमा पाँच हजार रुपियाँ, २५१ सीसीदेखि ४०० सीसीसम्म बागमतीमा नौ हजार र मधेशमा आठ हजार रुपियाँ र ४०१ सीसीदेखि ६५० सीसीसम्म बागमतीमा २० हजार रुपियाँ, मधेशमा ४०१ सीसीदेखि माथि १५ हजार रुपियाँ र ६५१ सीसीदेखि माथि बागमतीमा ३० हजार रुपियाँ कायम छ । मधेशमा ६५१ सीसीदेखि माथि पनि १५ रुपियाँ नै छ । यसमा मोटरसाइकलको ४०० सीसीदेखि माथि मधेशमा १५ हजार रुपियाँ रहँदा बागमतीमा दोब्बर ३० हजार रुपियाँसम्म कायम छ ।

प्रदेशको आय बृद्धि गर्न बागमती प्रदेशभित्रका रुटमा सञ्चालित सवारीको दर्ता, नवीकरण, रुट परमिट वितरण, प्रतिलिपि तथा नवीकरण सबै बागतमी प्रदेशकै यातायात कार्यालयबाट गराउँदा सवारी साधनको संख्या नियन्त्रण, राजश्व अभिबृद्धि, पेट्रोलियम पदार्थ र विद्युतीय दुबै प्रकारको सवारी साधनको आवश्यकता अनुसार व्यवस्थापन गर्न सकिन्छ । होइन भने एउटा प्रदेशले मनोमानी सवारी दर्ता गरिदिने, अर्को प्रदेशमा सवारी थेगिनसक्नु हुने, रुट मिलाउन गाह्रो हुने जस्ता समस्या त ज्यूँकात्यूँ हुन्छन् भने राजश्वमा ठूलो हिस्सा गुमिरहने पक्का छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ माघ १६ गते सोमबार ३० जनवरी २०२३ । नवमी माघ शुक्लपक्ष। सिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ६:५६, सूर्यास्त ५:४१। शहिद दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यापारमा लाभ हुनसक्नेछ | **तुला** | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| **वृष** | : काममा सफलता मिल्नेछ | **वृश्चिक** | : अहंकारको भावले काम विगार्नेछ |
| **मिथुन** | : अधुरा कामहरु पूरा हुनेछ | **धनु** | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| **कर्कट** | : स्वास्थ्यको समस्या आउनेछ | **मकर** | : व्यापार राम्रो चल्नेछ |
| **सिंह** | : परिवारमा सुखद माहौल रहनेछ | **कुम्भ** | : मानसिक सन्तोष हुनेछ |
| **कन्या** | : स्थिति अनुकूल बन्नेछ | **मीन** | : धन प्राप्ति हुनेछ |

# कसुरमा जेलिएका रविको रवैया



डा. रमेश सुनाम

रवि लामिछानेलाई कतिपयले आशाको केन्द्रविन्दु मान्छन् । राष्ट्रिय स्वतन्त्र पार्टी स्थापना गरी यसको सभापति बनेका लामिछाने छोटो समयमै उल्लेख्य चुनावी उपलब्धि हासिल गर्दै देशकै उपप्रधान तथा गृहमन्त्री बनेका छन् । तर केही समययता उनी नागरिकता विवादमा तानिएका छन् एवं उनी पार्टी दर्ता गर्न र सांसद बन्न नै अयोग्य रहेको दाबीसहित परेका रिटहरूमाथि सर्वोच्च अदालतको संवैधानिक इजलासमा अहिले सुनुवाइ भइरहेको छ । उनी सभापति रहेको राष्ट्रिय स्वतन्त्र पार्टीको भविष्य र उनको सांसद पद नै धरापमा परेको धेरैको बुझाइ छ । उनी आफैं र उनका समर्थकहरूले भने निर्दोषिताको दाबी गर्दै आएका छन् ।

### कसुरको फेहरिस्त

रविको नागरिकता विवाद अहिले मुख्य रूपमा उठेको भए पनि कसुरको फेहरिस्त भने लामो र उनका समर्थकहरूले सोचेभन्दा गम्भीर प्रकृतिको छ । पहिलो, उनले २०७० सालमा अमेरिकी नागरिकता लिए जसका कारण उनको नेपाली नागरिकता स्वत: रद्द भयो । नागरिकता ऐनको दफा १० ले भन्छ, 'कुनै नेपाली नागरिकले आफूखुसी कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि निजको नेपाली नागरिकता कायम रहनेछैन ।' तर अमेरिकी नागरिकका रूपमा नेपाल आएका बेला उनले स्वत: रद्द भइसकेको नेपाली नागरिकता प्रयोग गरेर नेपाली पासपोर्ट बनाए । दोस्रो, एकै समयमा दुई देशका, नेपाल र अमेरिकाका, नागरिकता र राहदानी प्रयोग गरे, जसलाई नेपालको कानुनले सोझै कसुर मान्छ ।

तेस्रो, २०७१ सालमा अमेरिकी नागरिकका रूपमा गैरपर्यटक (नाता) भिसामा नेपाल आएर श्रम स्वीकृति नै नलिई सञ्चार क्षेत्रमा काम गरे, जुन कुरा श्रम विभागले २०७५ सालमा गृह मन्त्रालयलाई पठाएको पत्रमा प्रस्ट छ । श्रम विभागले 'अमेरिकी नागरिक रवि लामिछानेले श्रम स्वीकृति लिएको नदेखिएको' भनेको छ अर्थात् उनले अध्यागमन ऐन-२०४९ विपरीत नेपालमा काम गरे । श्रम स्वीकृतिबारे धेरैले प्रश्न उठाएपछि उनले २०७५ सालमा भने अमेरिकी नागरिकता र राहदानी त्यागे ।

चौथो, अमेरिकी नागरिकता त्यागे तर उनी पुन: नेपाली नागरिकता प्राप्तिको कानुनी प्रक्रियामा गएनन् बरु स्वत: रद्द भइसकेको नेपाली नागरिकता प्रयोग गरेर निर्वाचन आयोगमा राष्ट्रिय स्वतन्त्र पार्टी दर्ता गराए । चितवन-२ बाट सांसदका लागि उम्मेदवारी दिएर निर्वाचित हुँदै आफूलाई नै अनुसन्धान गरिरहेको महत्वपूर्ण मन्त्रालयको मन्त्रीसहित उपप्रधानमन्त्री बने । उनी अमेरिकी नागरिकता त्यागेपछि आफ्नो पहिलेको नेपाली नागरिकता स्वत: क्रियाशील भएको दाबी गर्ने गर्छन्, तर नागरिकता नियमावली-२०७३ को नियम ११ अनुसार विदेशी नागरिकता त्यागेर नेपाली नागरिकता लिन चाहनेले जहाँबाट नागरिकता लिएको हो सोही कार्यालयमा सूचना-निवेदनको प्रक्रिया पुऱ्याए पश्चात् मात्र नागरिकता प्राप्त हुने व्यवस्था छ । यसर्थ उनको दाबी कानुनसम्मत देखिँदैन । नागरिकताको प्रतिलिपि लिन त वडाको सिफारिसदेखि लिएर एउटा निश्चित प्रक्रिया पूरा गर्नुपर्छ भने विदेशी नागरिकता लिएपछि बिनाप्रक्रिया आफ्नो पुरानो निष्क्रिय नागरिकता क्रियाशील भयो भनेर नेपालको कानुनको व्याख्याता आफैं हुन खोज्नु उनको घमन्डसिवाय केही हुन सक्दैन । यस्तै कागजात र प्रक्रिया अपुग भएको भनेर खास गरी धेरै सीमान्तीकृत समुदायका व्यक्तिहरू नागरिकताविहीन रहेको यथार्थ उनले हेक्का राख्न जरुरी छ ।

'परम्परा त मान्नैपऱ्यो' भन्दै रामकुमारी झाँक्रीले सम्म पिर्के सलामीमा गर्व गरेको देखेका आम नेपालीलाई रविले आफ्ना लागि राखिएको छुट्टै सोफा हटाउन लगाउँदा केही परिवर्तनको आभास हुनु अनौठो हैन । तर राज्यको कानुन उनलाई लागू हुन्छ कि हुन्न, मुख्य प्रश्न यही हो । के उनी ऐन-कानुनभन्दा माथि छन् ? उनी तिनै व्यक्ति हुन् जसले बिनाप्रमाण, 'सीधा कुरा जनतासँग' कार्यक्रममा कसैको इसारामा आरोप लगाउँदै धेरैको राजनीतिक, पेसागत र सामाजिक जीवन ध्वस्त पारेका थिए । यसको मारमा सीमान्तीकृत समुदाय र कमजोर पृष्ठभूमिका व्यक्तिहरू बढी परेका थिए । उनका हकमा त प्रमाणहरू प्रस्ट बोलिराखेकै छन्, तर पनि उनले निर्लज्ज भएर 'नागरिकताबारे कति पटक स्पष्टीकरण दिनुपर्ने हो' भन्दै हुँकार गर्दै आएका छन् ।

दुर्भाग्य, यत्रा कसुरको जालो र प्रमाणका बावजुद उनी देशकै उपप्रधान तथा गृहमन्त्री छन् । जसले उनले दुई देशका नागरिकता र राहदानी प्रयोग गरेको विषयमा अनुसन्धान गर्दै छ भनिन्छ, त्यही मन्त्रालयको नेतृत्व गरिरहेका छन् । यति कसुर गरेका अन्य व्यक्ति राज्यको यस्तो पदमा पुगेका भए रविले दुईचार हात बुरुक्क उफ्रिँदै 'नेपालको गृहमन्त्री विदेशी नागरिक, यो राज्य विदेशीले चलायो' भन्दै कसरी राष्ट्रवादको ढ्वाङ फुक्थे होलान्, कति डंका पिट्थे होलान्, जोकसैले सहजै अनुमान गर्न सक्छ । तर अहिले उनी आफूलाई नेपालको पहिलो ग्रेडको राष्ट्रभक्त ठान्छन् । नेपालमा यस्तो सुविधा खस-आर्यका सीमित रवि लामिछानेजस्ता व्यक्तिहरूलाई मात्रै प्राप्त हुन्छ, सीमान्तीकृत सीके राउतहरूलाई हुँदैन । यस्तो प्रकृतिको कसुर गर्ने राउतहरू गृहमन्त्री बन्ने त परको कुरा, रद्द भएको नागरिकता प्रयोग गरेर पार्टी दर्ता गर्न लागेकै बखत प्रहरीले समात्ने थियो । त्यसपछि प्रहरी, निर्वाचन आयोग, अदालत सबै लागेर जेलमा कोचिसक्थे । रवि कसरी उम्किन सके त ?

### राज्यको संरक्षण

रविका कसुरको फेहरिस्त लामो हुनुमा उनको मात्रै हात छैन । राज्यले उनका कसुरहरू छानबिन र नियन्त्रणको गर्नुको साटो संरक्षण र प्रोत्साहन दिँदै आउनु यसको अझ महत्त्वपूर्ण कारक हो । राज्यका विभिन्न अंगले हालसम्म उनलाई गरेको संरक्षण र प्रोत्साहनको फेहरिस्त पनि लामै छ । पहिलो, गृह प्रशासन, प्रहरी, अध्यागमन आदिलाई उनी अमेरिकी नागरिक भएको र गैरपर्यटक (नाता) भिसामा आएर बिनास्वीकृति नेपालमा काम गरेको यथार्थ अवगत नभएको थिएन, तर उनीहरूले कारबाही त के, दरिलो छानबिन नै अगाडि बढाएनन् । दोस्रो, निर्वाचन आयोगमा उजुरी नपरेको हैन, तर विभिन्न बहाना बनाएर आयोग उम्क्यो, जसका कारण रविले रद्द भएको नागरिकताका आधारमा दल खोलेर राष्ट्रिय स्वतन्त्र पार्टीको सभापति पद र चितवन-२ बाट चुनाव लड्ने मौका पाए ।

तेस्रो, गृह प्रशासनले अनुसन्धान गर्ने भने पनि त्यसलाई शीघ्रता र गहिराइ दिन चाहेन । उदेकलाग्दो त, काठमाडौंका प्रजिअ घनश्याम उपाध्यायले 'रवि लामिछानेको नागरिकताले कसैलाई आघात पुगेको छैन' भनेर लिखत नै पेस गरेछन् । उनले कानुन केलाउनेभन्दा पनि आर्थिक नाफा-घाटाको विश्लेषण गरेछन् । सायद पद बचाउन पनि उनी कानुन नकेलाउन बाध्य भए होलान् र बनिदिए उनी प्रजिअको साटो खतरा अर्थशास्त्री । तर यस्तै प्रशासनका अर्थशास्त्रीहरू आमाको नाममा नागरिकता दिनुपर्दा भने देशको राष्ट्रियता नै धरापमा पर्ने खतरा देख्छन् ।

चौथो, नागरिकता विवादमा परेका रिटहरूमा रविलाई सांसदको हैसियतमा कुनै काम गर्न नदिनू भनी अन्तरिम आदेशको माग गरिएको थियो तर अदालतले अन्तरिम आदेश नदिएर अप्रत्यक्ष हिसाबले उनैलाई सहयोग गऱ्यो । यी सबैको योगफलबाट उनलाई राज्यबाट उपप्रधान तथा गृहमन्त्रीको पुरस्कार प्राप्त भयो । उनले राज्यको स्रोतसाधन प्रयोग गरेर आफूमाथिको मुद्दा कमजोर बनाउने भरपूर मौका पाए । अझ रमाइलो त, निवेदकको पक्षबाट बहस गर्नुपर्ने सरकारी वकिलहरू रविको प्रतिरक्षामा बहस गर्न बाध्य छन् । त्यसैका लागि उनले गृह मन्त्रालय रोजेका हुन् भन्ने यथार्थ जोकसैले सहजै बुझ्न सक्छ ।

के प्रहरी, के गृह प्रशासन, के अदालत सबै भ्रष्टाचार र अनियमिततामा लिप्त छन् धेरै सरकारी प्रतिवेदनले नै यही कुरा बोलेका छन् । यी निकायका वरिष्ठ अधिकारीहरूलाई रविले उनीहरूका हर्कत बाहिर एक्स्पोज गरिदेलान् र आफ्नो दाम, मान, सम्मान सबै गुम्ला भन्ने डर छ । रविका कसुरहरूको गहिरो छानबिन गर्न राज्यका निकायहरूले आनाकानी गर्नुका पछाडिको एउटा मुख्य कारण यही हो भन्दा फरक पर्दैन । रविलाई निर्दोष ठानेर ती निकाय चुप बसेका हैनन् ।

अन्त्यमा, आफूले कानुन मिचे सही, अरूले मिचे अपराध ठान्ने प्रवृत्तिलाई कसरी नयाँ सोच मान्ने ? अदालतलाई प्रभावमा पार्न भित्रभित्रै विभिन्न पार्टीका नेतासँग गुहार माग्दै, प्रहरीलाई छानबिनमा अवरोध र 'पब्लिक स्टन्ट' गर्दै बस्ने कि कसुरहरूमा जेलिएको व्यक्तिले निर्बाध अनुसन्धान र फैसला हुन दिन राजीनामा दिएर बस्ने ? उनका समर्थकहरूले पनि सोच्ने विषय हो यो ।

यस्तो प्रवृत्तिलाई प्रोत्साहन गर्दा नयाँ, वैकल्पिक पार्टीको सान्दर्भिकता र महत्त्वमै आँच आउँछ । उनी पनि पुराना पार्टीहरूका नेताभन्दा कसरी फरक भए ? उनलाई 'नयाँ बोतलमा पुरानै रक्सी' भनेर बुझ्नु गलत हुनेछैन । राज्यका अन्य निकायले जस्तै अदालतले पनि रविलाई विशेष सुविधा नदेला भन्न सकिन्नह तर जात, धर्म र राजनीतिक हस्तक्षेप वा प्रभाव आदिका आधारमा संवैधानिक इजलासले फैसला गर्नेछैन बरु संविधान, ऐन-कानुन, आफ्नै नजिर आदिमा टेकेर फैसला गरी 'सानालाई ऐन ठूलालाई चैन' भन्ने उखानलाई गलत साबित गर्नेछ भनी कम्तीमा सैद्धान्तिक आशा भने राख्न सकिन्छ । बाँकी त फैसलाले नै बताउँला ।

*(साभार: ई-कान्तिपुर)*

संसदमा विपक्षी दल :

# परम्परागत संसदीय व्यवस्थामाथि प्रश्न

सुशील विके

अन्तत: संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले संसद सचिवालयबाट प्रमुख विपक्षी दलको मान्यता पाएको छ । कांग्रेससहित नेकपा एकीकृत समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टीले समेत वर्तमान प्रधानमन्त्रीलाई विश्वासको मत दिएपछि नैतिक रूपमा र कानुनत: संसद प्रतिपक्षविहीन भएको छ । यद्यपि, संसद सचिवालयले कांग्रेसलाई प्रमुख प्रतिपक्षी दलको हैसियत दिइसकेको छ ।

संसदका पदाधिकारीको सेवा-सुविधा सम्बन्धी ऐनमा भनिएको छ, 'मन्त्रिपरिषद्को गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दलबाहेक प्रतिनिधिसभा वा राष्ट्रिय सभामा १० प्रतिशत वा सोभन्दा बढी सदस्य भएको दलमध्ये सबभन्दा बढी सदस्य भएको दल विपक्षी दल हुनेछ ।' ऐनमा सरकारलाई समर्थन गरेको दल विपक्षी दल हुन नसक्ने प्रष्ट व्यवस्था हुँदाहुँदै पनि संसदले कुन आधारमा निर्णय गऱ्यो र यसको थप व्याख्या कसरी हुन्छ हेर्न बाँकी छ ।

कानुनत: स्वत: विपक्षी दल हुनुपर्ने कांग्रेसले सरकारलाई विश्वासको मत दिएसँगै कानुनी, राजनीतिक र नैतिक रूपमा विपक्षी दलको हैसियत गुमाएको विश्लेषण गरिएको थियो । विश्वासको मत पनि दिने र प्रतिपक्षको दाबी पनि गर्ने द्वैध चरित्रले ऊ सत्तापक्ष हुन तयार नभएको विपक्ष दल बन्न कानुन बाधक बन्ने अवस्था तत्काललाई टरेको छ ।

तर, सत्ता र प्रतिपक्ष नामका दुई वटा डुंगामा खुट्टा राखेर यात्रा गर्ने कांग्रेसको चाहनाले परम्परागत संसदीय राजनीतिक व्यवस्थाका बारेमा गम्भीर बहस र समीक्षा गर्नुपर्ने आवश्यकता देखिएको छ । सँगै व्यवस्था प्रमुख कि सत्ता ? पार्टी प्रमुख कि सत्ता ? इमान, जमान र नैतिकता प्रमुख कि सत्ताको दाउपेच ? व्यक्ति र पार्टी केन्द्रित व्याख्या कि वस्तुनिष्ठ विश्लेषण ? जस्ता प्रश्न उब्जाएको छ ।

राजनीतिक स्थिरतासहित विकास र समृद्धिको नारा दिएर नयाँ संविधान अन्तर्गत २०७४ सालमा भएको पहिलो निर्वाचनपछि जनतामा निराशा छाउने गरी दलहरूले कस्ता सत्ताकेन्द्रित खेल खेले, त्यसको ताजा तस्बिर हामीबीच छँदैछ । अहिले फेरि प्रमुख प्रतिपक्षी दलका रूपमा संसदमा सशक्त भूमिका खेल्नुपर्ने कांग्रेसले सत्ताको च्याँखे दाउ थाप्न आवश्यकता नै थिएन । विश्वासको मत दिएपछि उत्पन्न राजनीतिक परिवेशले दलहरूमा कुनै परिवर्तन र जिम्मेवारीबोध नभएको देखिन्छ ।

दलहरूभित्रको झगडा, चुनाव अगाडि एउटा गठबन्धन, चुनावपछि पुरानो तोडेर फेरि नयाँ गठबन्धन निर्माण गरिनु जस्ता घटनाक्रमले नेताहरूको सत्ताकेन्द्रित राजनीतिमा कुनै बदलाव नआएको प्रष्ट हुन्छ । इतिहासबाट शिक्षा लिएर व्यक्तिगत र पार्टीगत स्वार्थभन्दा माथि उठेर दलहरूले देश र जनताका पक्षमा काम गर्छन् भन्ने विश्वास जनताले गरेका थिए । नयाँ संविधानसँगै संस्थागत हुने क्रममा रहेको संघीय लोकतान्त्रिक गणतन्त्रमा कम्तीमा दलहरू सच्चिने अपेक्षा जनताको थियो । तर, अधिकांश दलका नेताहरूको सोच, विचार र व्यवहार हेर्दा उनीहरूलाई न व्यवस्थाले परिवर्तन गरायो न समयले ।

अहिले विश्वासको मत दिने र विपक्षी दल पनि बन्ने कांगेसप्रति गम्भीर प्रश्न तेर्सिएका छन्, सरकारलाई विश्वासको मत पनि दिने र विपक्षी दल पनि हुने कुन कानुन र वैचारिक दर्शनमा आधारित छ ? के लोकतन्त्र र संसदीय व्यवस्थाप्रतिको परम्परागत मान्यताप्रति कांग्रेसको मोहभंग भएको हो ? वा सत्ताका लागि च्याखे दाउ थापेको हो ? यसले कांग्रेसप्रति मात्र हैन संसदीय व्यवस्था र समग्रतामा लोकतन्त्र माथि नै प्रश्न उठ्ने देखिन्छ ।

### परम्परागत संसदीय व्यवस्थामाथि प्रश्न

बहुदलीय प्रजातन्त्र तथा संसदीय व्यवस्थाको मुख्य विशेषताका रूपमा रहेको बहुमतको सरकार र अल्पमतको प्रतिपक्षको परम्परागत भाष्यमाथि नेपाली कांग्रेसको कदमले नयाँ बहस सृजना गरेको छ । अहिले पनि संसदीय व्यवस्था मान्ने, यसका विकल्पमा प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय वा प्रधानमन्त्रीय प्रणाली मान्ने शासकीय स्वरूप तथा श्रमजीवी जनताको अधिनायकत्व हुने शासन प्रणाली मान्ने दलहरू संसदमा उपस्थित छन् । यस्तो परिवेशमा संसदीय व्यवस्थाको मुख्य पक्षधर कांग्रेसले नै यो व्यवस्थाको विपक्षका गतिविधि गर्न थालेपछि स्वाभाविक रूपमा कांग्रेस पनि यो व्यवस्था नेपालमा काम नलाग्ने अवस्थामा पुगेको निष्कर्षमा पुगेछ भन्न सकिने भयो । नभए कांग्रेसले आफ्नो इतिहास, विरासत र विशेषतासँग जोडिएको व्यवस्था विरुद्धमा जाने थिएन ।

नेपालमा पूँजीवादी संसदीय व्यवस्थाको मुख्य संवाहक शक्तिका रूपमा आफूलाई प्रस्तुत गर्ने कांग्रेसले संविधानको रक्षा, व्यवस्थाको रक्षा, राष्ट्रिय सहमति जस्ता अमूर्त, अव्यावहारिक र अराजनीतिक तर्कको सहारामा गठबन्धनका प्रधानमन्त्रीलाई विश्वासको मत दिनु गम्भीर विषय हो । यसले तत्काल अहिलेको गठबन्धनमा भाँजो हाल्ने संकेत गरेको छ भने भविष्यमा लोकतन्त्र, संसदीय व्यवस्था र सिंगो संविधानमाथि पनि यसले संकट ल्याउन सक्ने देखिन्छ ।

त्यसो त एकथरी मानिसहरू संसदीय व्यवस्था संसारभरि नै असफल भएको सन्दर्भमा नेपालमा पनि त्यसको औचित्य सकिएको र नयाँ व्यवस्था स्थापित गर्नुपर्ने राय राख्छन् । यस्तो परिवेशमा संसदीय व्यवस्थाका राम्रा र नराम्रा पक्षका बारेमा खुला बहसको सृजना गर्ने काम पनि अहिलेको घटनाक्रमले गरेको छ । दलहरूमा संसदीय व्यवस्थाप्रति रुचि छैन र यस्तै राजनीतिक अस्थिरता रहिरहने हो भने प्रत्यक्ष निर्वाचित कार्यकारी रहने शासकीय व्यवस्थाको बहस पनि थालनी गर्न आवश्यक छ ।

### संविधानले प्रतिपक्षविहीन संसदको परिकल्पना गरेको छ ?

संविधानका जानकारहरूले अहिलेको संविधानले प्रतिपक्षविहीन संसदको परिकल्पना नगरेको बताएका छन् । यसै पनि अन्तर्राष्ट्रिय परिवेशमा समेत संसदीय व्यवस्थामा बलियो प्रतिपक्ष अपेक्षित नै हुन्छ । राज्यका तीन अंगका बीचमा 'चेक एन्ड ब्यालेन्स'का लागि पनि संसद बलियो हुन जरूरी छ भने संसद बलियो हुनका लागि प्रतिपक्ष बलियो र प्रभावकारी हुन जरूरी छ । यसै पनि संसदलाई प्रतिपक्षकै स्थानका रूपमा लिने गरिन्छ । र, प्रतिपक्षले सरकारलाई उचित कुरामा समर्थन र सुझाव दिने तथा गलत कुरामा खबरदारी गर्ने परम्परा छ । तर, सम्भव भएसम्म सत्तामा रमाउन चाहने कांग्रेस अघिल्लो कार्यकालमा पनि बलियो प्रतिपक्षका रूपमा संसदमा उभिन सकेन ।

केपी ओली सरकारको नीति कार्यक्रममा मतदान गर्ने र सरकारसँगको मिलेमतोमा संवैधानिक पदहरूमा भागबण्डा खोज्ने काम गऱ्यो । संसदमा प्रतिपक्ष कमजोर हुँदा संसद नै कमजोर भएको तथ्य छ । त्यतिबेला कम्तीमा कांग्रेस प्रतिपक्ष बेन्चमा थियो । तर अहिले त त्योभन्दा पनि अझ अगाडि बढेर सत्ता पक्षकै लाइनमा आइपुगेको छ । यस्तो परिवेशमा कानुनको व्यवस्था माथि नै शंका उठ्ने गरी कांग्रेसलाई विपक्षी दलको मान्यता दिने संसदको निर्णयले अझ द्विविधा र अन्योल बढाउने देखिन्छ ।

### विश्वासको मत पछाडिको अन्तर्य

कांग्रेसको समर्थन विना न आकाश खस्ने अवस्था थियो न पहाड ढल्ने । यस्तो परिवेशमा लामो समय संसदीय व्यवस्था स्थापना र विकासका लागि लडेको र यसलाई आफ्नो सैद्धान्तिक र वैचारिक पहिचान बनाएको कांग्रेसलाई कस्तो बाध्यता आइलाग्यो र यो निर्णयमा पुग्यो भन्ने चर्चाकै विषय छ । कांग्रेसमा क्षयीकरण हुँदै गएको विचार, सिद्धान्त, नैतिकता र आदर्शको अवस्था पछिल्लो निर्णयले देखाउँछ ।

मुखमै आएको सत्ता गुमाउँदाको पीडाले कांग्रेसले निर्णय क्षमता पनि गुमाएको र उचित निर्णय गर्न नसकेको तर्क सुनिन्छ भने अन्तर्राष्ट्रिय शक्तिकेन्द्रको दबावमा परेर कांग्रेस यो विन्दुमा आएको भन्ने भनाइ पनि छ । यसैगरी प्रधानमन्त्रीले सत्ता गठबन्धनमा पनि आफ्नो स्थान बलियो बनाउने गरी ब्याक फोर्सका रूपमा राख्ने रणनीतिप्रति कांग्रेस लचिलो बनेको हुनसक्ने आकलन पनि छ ।

जति तर्क गरे पनि मूल रूपमा अहिलेको गठबन्धन टुटाउने र कुनै न कुनै रूपमा सत्तामा पुग्ने कांग्रेसको सत्ता मोहका कारण अहिलेको अवस्था आएको देखिन्छ । रामचन्द्र पौडेल, कृष्ण सिटौला र मूलत: देउवाको नितान्त व्यक्तिकेन्द्रित सत्ता स्वार्थका कारण यो अवस्था आयो भन्ने विश्लेषण यथार्थ नजिक छ । राष्ट्रपति पद हासिल गर्ने र भर्खर बनेको गठबन्धनलाई फुटाएर ढिलो-चाँडो सत्तामा पुग्नका लागि कांग्रेसले थापेको सत्ताको च्याखे दाउ अहिलेका जनताले नबुझ्ने कुरा हुँदैन ।

### भविष्यमा पर्न सक्ने असर

नेपालको पछिल्लो राजनीति सत्ता र शक्ति केन्द्रित भएको प्रष्ट छ । आफ्नो स्वार्थका लागि नेताहरूले राजनीतिक इतिहास, मूल्यमान्यता, नौतिकता, इमानदारी, जवाफदेहीलाई बेवास्ता गर्ने गरेका छन् । सत्ता स्वार्थ मिल्दा विचार र सिद्धान्त नमिल्दा पनि गठबन्धन गर्ने र स्वार्थ पूरा भएपछि वा मिल्न छोडेपछि गठबन्धन टुटाउने अभ्यास देखिएको छ । अकल्पनीय र अविश्वसनीय रूपमा रातारात गठबन्धन टुट्नु र जुट्नु पछिल्लो राजनीतिको तीतो यथार्थ भएको छ । यसले ल्याउने सबैभन्दा ठूलो जोखिम भनेको राजनीतिमा सिद्धान्त, विचार र नैतिक मूल्यमान्यताका ठाउँमा अवसरवादले स्थान पाउनु हो । राजनीतिक अस्थिरता र अराजकता निम्त्याउने यस्ता प्रवृत्ति लोकतन्त्र, दल र संविधानकै लागि घातक हुने देखिन्छ ।

संविधान र कानुन राम्रो भएर मात्र हुँदैन यसको पालना र कार्यान्वयन गर्ने निकायमा हुने व्यक्ति पनि सही हुन जरूरी छ । यसको अर्थ राजनीतिक दल र नेताहरू इमानदार, देश र जनताको सर्वोपरि हितमा हुनुपर्दछ । लोकतन्त्रका लागि जीवन समर्पण गरेका नेताहरूले लोकतन्त्रलाई संस्थागत गर्न, विकास गर्न, सुदृढ गर्न, विधि-पद्धति स्थापित गर्न, जनताको जीवन पद्धतिसँग जोड्न र परिवर्तनको प्रतिफल जनता समक्ष पुऱ्याउनका लागि अहं भूमिका खेल्नुपर्ने हो । तर, यो हुनसकेको छैन । नेताहरू यसमा इमानदार देखिएनन् । जसका कारण २०४६ पछि दलहरूका बीचमा र दलहरूभित्रका स्वार्थका घात-अन्तर्घातका खेलले जसरी शिशु अवस्थामै प्रजातन्त्रको हत्या भयो अहिले पनि त्यही प्रकृतिका संकेतहरू देखिएका छन् ।

*बाँकी पृष्ठ-३ मा...*

# रेल्वेको जग्गामा पूर्व माननीयदेखि गाविस सचिवसम्मको अतिक्रमण



बारा/अम्लेखगञ्जका दानबहादुर शाही उमेरले ८६ वर्षका भए । २०१० सालमा शाही काभ्रेबाट अम्लेखगञ्जमा आउँदा सो ठाउँमा रेल चल्थ्यो । उनका जेठा बुवा रेल कार्यालयमा जमदार थिए । जेठो बुवाको सहयोगमा शाहीले पनि रेल कार्यालयको हुलाक तर्फ डाँक सेवामा काम पाए । बिहान १० बजे रेल अम्लेखगञ्ज आइपुग्थ्यो साँझ ४ बजे पुन: यात्रु बोकेर रक्सौल तर्फ फर्कन्थ्यो ।

वि.सं.२०१८ सालमा यात्रुवाहक रेल बन्द भयो । २०२२/२०२३ सालसम्म मालसामान बोक्ने रेल आउँदै थियो, त्यो पनि पछि बन्द भयो । अम्लेखगञ्ज-रक्सौल रेल सेवा बन्द हुँदा सो ठाउँमा टिकट घर, मालसामान राख्ने गोदामघर, ठुलो गौचरन, कर्मचारीहरू बस्ने करिब डेढ दर्जन आवास गृह थियो । २०१२ सालदेखि रेल सेवामा काम गरेका शाहीले हेर्दाहेर्दै ती सम्पूर्ण संरचना अतिक्रमणमा पऱ्यो, रेल पनि बन्द भयो ।

'टिकट घरको छेउमा सामान राख्ने ठुलो गौचरन थियो, रेलबाट मालसामान ल्याएर यही चौरमा थुपार्थे, पछि रेल पनि बन्द भयो, चौर पनि सिद्धियो,' रेल्वेका पूर्व कर्मचारी शाहीले भने 'उ बेलामा धेरै राम्रो थियो, त्यो बेलाका मान्छे आफ्नै इमानमा बस्थे,अहिलेका मान्छेसँग इमान र विचार दुवै छैन' अम्लेखगञ्ज-रक्सौल रेल्वेको मुख्य कार्यालय अम्लेखगञ्जमै भएका कारण सो ठाउँमा सय बिगाहा भन्दा धेरै भूभागमा सामान राख्ने गौचरन, गोदामघर, टिकट घर,कर्मचारी आवास गृह लगायत धेरै संरचना थियो । तर अहिले टिकट घर बाहेक अन्य सबै संरचनाहरू मासिएका छन् ।

८६ वर्षीय शाहीले रेलको जग्गामा सुकुम्बासीदेखि हुकुम्बासीसम्मले अतिक्रमण गरेर बसेको बताए । 'रेलको सबै जग्गामा घर बनिसकेकोले अब हटाउन पनि मुस्किल छ, यत्रा मान्छेलाई कहाँ लगेर राख्ने, रेलको जग्गालाई नम्बरी बनाउन पनि कतिचोटी प्रयास भयो तर, कसैले सकेको छैन कि नगरेको हो थाहा भएन' शाहीले भने '२०५०/६० सालपछि रेलको जग्गा अतिक्रमण गरेर घर बनाउनेको बथान पनि ह्वातै बढिहाल्यो ।'

नेपालको इतिहासमा पहिलो पटक रेल १९२७ मा अम्लेखगञ्जदेखि रक्सौलसम्म करिब ४८ किलोमिटरमा सञ्चालन भएको मानिन्छ । विगतका स्थानीय प्रशासन प्रमुखहरूले पनि रेल्वेको सार्वजनिक सम्पत्ति संरक्षण चासो नदेखाउँदा नयाँ पुस्ताहरूले सो ठाउँमा रेल चल्थ्यो भन्ने कथन मात्रै सुन्दै आएका छन् ।

अम्लेखगञ्जमा स्थानीय विश्वास साह कानुले सरकारले रेल्वेको जग्गा संरक्षण गर्न नसक्ने भए सो क्षेत्रमा बसोबास गर्नेलाई लालपुर्जा दिनुपर्ने बताउँछन् । 'सरकारले अतिक्रमण भएको रेल्वेको जग्गा हटाउन सक्नुपर्‍यो, होइन भने पुरानो बसोबासको हिसाबले लालपुर्जा वितरण गरिदिँदा अति राम्रो हुन्थ्यो' साहले भने । उनले अम्लेखगञ्जमा मात्रै रेल्वेको जग्गामा ४ सय भन्दा धेरै घरधुरी रहेको बताएका छन् ।

जितपुरसीमरा उपमहानगर वडा नं २१ का वडाध्यक्ष सुभा श्रेष्ठले स्थानीय सरकारले बाँकी रहेका संरचना अतिक्रमण हुनबाट रोकेको दाबी गरेका छन् । 'स्थानीय सरकार आइसकेपछि रेल्वेको जग्गालाई हामीले मिच्न दिएका छैनौं' वडाध्यक्ष श्रेष्ठले भने 'टिकट घरलाई संरक्षण गरेर पर्यटन प्रवर्द्धन गर्न र इतिहासमा अम्लेखगञ्जमा पनि रेल चल्थ्यो भन्ने देखाउन पनि यसलाई संरक्षण गर्ने प्रयास गरेका छौ, कति सफल भइन्छ हेरौँ ।'

**पूर्व प्रदेशसभा सदस्यद्वारा रेल्वेको आवास गृह भत्काएर निजी निवास निर्माण**

मधेस प्रदेशका निवर्तमान प्रदेशसभा सदस्य सिता गुरुङले तत्कालीन रेल्वेको आवास गृह भत्काएर निजी निवास बनाएकी छिन् । गुरुङले प्रदेशसभा सदस्य भएपछि सो ठाउँमा निजी घर बनाएकी हुन् । उनी नेकपा एमाले तर्फबाट निवर्तमान प्रदेशसभा सदस्य हुन् । अम्लेखगञ्जका स्थानीय विश्वास साहले पूर्व सांसद गुरुङले रेल्वेको आवास गृह भत्काएर निजी घर बनाएको बताएका छन् । 'रेलको जग्गामा सांसद, पूर्व गाविस सचिवदेखि थुप्रै सर्वसाधारणले घर बनाएर बसिरहेका छन् सरकारले उनीहरूलाई कि लालपुर्जा दिन सक्नुपर्‍यो कि हटाउनुपर्‍यो । सधैँ कति ढुलमुल गर्ने' साहले भने 'वडामा गयो कहिले जग्गा नापेर ल्याउनुस्, कहिले फोटो ल्याउनुस् भन्छ यत्रो पुरानो बसोबास छ तर लालपुर्जा छैन ।' निर्वाचित जनप्रतिनिधिहरूले चुनावको बेला मात्रै लालपुर्जालाई चुनावी एजेन्डा बनाएर पटक पटक झुक्काउने काम गरेको साहले बताए ।

**किनेर बसेको हुँ, प्रमाण छ: निवर्तमान प्रदेशसभा सदस्य गुरुङ**

निवर्तमान प्रदेशसभा सदस्य सिता गुरुङले आफूले रेलवेको आवास गृह अतिक्रमण नगरेको २०४९ सालमा किनेर बसेको दाबी गरेकी छिन् । 'म माननीय भएपछि रेलको आवास गृह अतिक्रमण गरेर बसेको पनि होइन २०४९ सालमा अन्य व्यक्तिसँग किनेर बसेको हो, मैले आफूलाई सुकुम्बासी हुँ, भनेको पनि छैन अव्यवस्थित बसोबासी भनेर वडाले मलाई कागज पनि दिइसकेको छ' गुरुङले भनिन् ।

प्रदेशसभा सदस्य गुरुङसँगै तत्कालीन अम्लेखगञ्ज गाविस सचिव विजयकान्त झाले पनि रेल्वेको जग्गामा भोगचलन गर्दै आएका छन् । राष्ट्रिय भूमि आयोग बारा जिल्ला कमिटीका सदस्य कुमार लामाले अम्लेखगञ्जको रेल्वेको जग्गामा बस्नेको हकमा विवरण संकलन भए पनि निस्सा दिने दिने नदिने विषयमा कुनै टुंगो नलागेको बताएका छन् ।

'निर्वाचन पछि जिल्ला समिति पुरै निष्क्रिय भएकाले अहिले कुनै काम अगाडी बढेको छैन, अम्लेखगञ्जको हकमा पनि विवरण संकलनको काम मात्रै भएको छ' जिल्ला कार्यसमिति सदस्य लामाले भने । सन् १९२७ मा भारतको र क्सौलबाट नेपालको अमलेखगन्जसम्म ४८ किलोमिटर दूरीको रेल सेवा निरन्तर ३३ वर्ष चलेर बन्द भएको रेल विभागको वेबसाइटमा उल्लेख गरिएको छ । पछिल्लो समय रेल विभागले मेची-महाकाली विद्युतीय रेलमार्ग अन्तर्गत सिन्धुलीको बर्दिबासदेखि बाराको निजगढसम्म ७० किलोमिटर खण्डमा काम गरिरहेको छ ।

सो खण्डमा अहिले माटो पुर्ने र नदीमा पुल बनाउने काम भइरहेको बताइन्छ । अम्लेखगञ्ज रेल्वेको कार्यालयमा कार्यरत ८६ वर्षीय दानबहादुर शाही सरकारले चाहेमा अझै पनि अम्लेखगञ्जमा रेल सञ्चालन हुनसक्ने बताउँछन् । 'पूर्व पश्चिम रेल हेटौडासम्म जाने भन्ने सुनेको छु, सरकारले आँट्यो भने अझै पनि अम्लेखगञ्जमा रेल आउन सक्छ, तर कसैले वास्तै गरेन भने अब यही बाँकी रहेको पुरानो टिकट घर पनि मासिन सक्छ' शाहीले भने ।

*(स्रोत: रातोपाटी)*

# के नेपालमा अमेरिकामा जस्तै साइबर हमला भएको हो ?



काठमाडौं/गत जनवरी ११ मा अमेरिकाको हवाई उडान नराम्ररी प्रभावित भएको थियो । दुर्घटनाबाट जोगाउन अमेरिकी फेडरल एभिएसन सिस्टम (एफएए) ले सयौँ प्लेनलाई ग्राउन्डेड गर्नु परेको थियो । सो समस्या समाधान गर्न अमेरिकी अधिकारीहरुलाई एक दिन र आधा लागेको थियो ।

अमेरिकाले आधिकारिक रूपमा साइबर हमला भएको स्वीकार नगरे पनि पछि अमेरिकी अधिकारीहरु तथा गुप्तचरहरुले हवाई क्षेत्रको प्रविधिमाथि साइबर हमला गरेर कम्प्युटर फाइलहरू नष्ट गरिएको बताएको थियो । यता हवाई उडानका लागि आवश्यक एफएएले नोटिस टू एयर मिसन (नोटाम) मा आक्रमण गरेको एफएएको भनाई थियो । अमेरिकी मिडियाले यसमा रुसी ह्याकरहरू संलग्न रहेको आरोप लगाएको थियो ।

सो घटनाको १७ दिनपछि नेपालमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको 'सर्भर डाउन' भएको छ भने सबै सरकारी वेबसाइटहरू केही घण्टा बन्द भएका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अध्यागमन विभागको 'सर्भर डाउन' हुँदा दुई घण्टा उडान अवरुद्ध बनेको थियो । विमानस्थलका महाप्रबन्धक प्रेमनाथ ठाकुरका अनुसार अहिले पनि 'म्यानुअल्ली' रूपमा अन्तर्राष्ट्रिय उडान भइरहेको छ । 'अहिले म्यानुअल्ली रूपमा उडान सामान्य रूपमा भइरहेको छ', उनले भने, 'सबै सरकारी सर्भर डाउन भएकाले समस्या आएको अध्यागमन कार्यालयले जानकारी दिएको छ ।'

अहिले जहाज उडान तथा अवतरणमा कुनै समस्या नभएको उनको भनाइ छ । यात्रुको व्यवस्थापनमा केही समस्या भएको र विमानस्थलमा यात्रुको भिड बढेको उनले जानकारी दिए । अध्यागमनको सर्भर डाउन हुँदा अन्तर्राष्ट्रिय हवाई उडान प्रभावित भएको थियो । इण्डिगो एयरको जहाज भारतको नयाँ दिल्ली उडेको थियो भने फ्लाई दुबईको जहाज भने अवतरण गरेको छ । समाचार तयार पार्दा कतार एयरवेजको जहाज पनि अवतरणको तयारीमा रहेको थियो ।

महाप्रबन्धक ठाकुरले विगतमा पनि यस किसिमको समस्या उत्पन्न हुने गरेको भन्दै विमानस्थलको सेवालाई चुस्त र प्रभावकारी बनाउन आइतबार अध्यागमनसँग बैठक बसेर आवश्यक निर्णय लिइने बताए । उनले सबै सरकारी सर्भर डाउन भएकाले शनिबारको समस्या आएको जिकिर गरे ।

उता शनिबार नेपाल सरकारका सबै सरकारी वेबसाइट एकैपटक डाउन भएका थिए। नेपाल सरकार मातहतमा रहेको 'जीओभी डट एनपी' अन्तरगतका वेबसाइटहरू एकैपटक डाउन भएका थिए । अहिले भने वेबसाइटहरू सुचारु भएका छन् ।

राष्ट्रिय सूचना प्रविधि केन्द्रले विदेशबाट एकै पटक ह्वात्तै ट्राफिक आउँदा सरकारी कार्यालयका वेबसाइटमा समस्या आएको जानकारी दिएको छ । केन्द्रका प्रवक्ता रमेश पोखरेलले नेपालबाहिरबाट एकैपटक धेरै ट्राफिक आउँदा सबै सरकारी कार्यलयका वेबसाइटमा समस्या आएको बताएका हुन् । विज्ञहरुले यसलाई 'डीडीओएस अट्याकको आशंका व्यक्त गरेका छन् । सरकारी वेबसाइट ह्याक भने नभएको पोखरेलले बताए ।

(रातोपाटीबाट)

# बैशाख १ मा किन थुप्रिँदैछन् फिल्म ?




काठमाडौं/एकै मितिमा दुई/तीनवटा फिल्म रिलिज हुनु सामान्य भइसक्यो । अचेल निर्माताले जुधाउनकै लागि फिल्म बनाएको जस्तो देखिन्छ । प्राय: हरेक हप्ता नेपाली फिल्म भिडिरहेका हुन्छन् । तर, कहिले एकै मितिमा फिल्मको मारामार हुन्छ भने कहिले एउटा पनि हुँदैन । यो हप्ता बलिउड फिल्म 'पठान'का कारण नेपाली फिल्म नै रिलिज भएनन् । अब फागुन र बैशाखमा ठूलो भिडन्त हुँदैछ ।

आगामी फागुन १९ गते दुई फिल्म 'छक्का पञ्जा ४' र 'छड्के २'बीच हुन लागेको प्रतिस्पर्धाले फिल्म क्षेत्र तरंगित बनेको अवस्थामा आगामी नयाँ वर्ष अर्थात् बैशाख १ गते थुप्रिएका फिल्महरु हेर्दा निर्माताबीच इगो र प्रतिष्ठाको लडाइँ हुन लागेको देखिन्छ । आगामी बैशाख १ मा अहिलेसम्म पाँच फिल्मले प्रदर्शन मिति घोषणा गरिसकेका छन्, जसमा कुनै सिरिज त कुनै ठूला स्टारकास्टका छन् ।

निर्देशक झरना थापाले यसपालीको तीजमा आफ्नो नयाँ फिल्म 'भगवत् गीता'को प्रदर्शन मिति बैशाख १ गतेलाई तोकेकी थिइन् । तर, अहिलेसम्म छायांकन सुरु नभएकाले यो फिल्म घोषित मितिमा प्रदर्शन हुने सम्भावना कम छ । यद्यपि, फिल्मको प्रदर्शन मिति पोस्टपोन्ड भएको छैन । ब्लकबस्टर सिरिज 'नाईं नभन्नू ल'को छैठौं श्रृंखलाले पनि बैशाख १ गतेको मिति फाइनल गरिसकेको छ ।

पुष्पमा छायांकन सकाएको फिल्म 'प्रसाद २'ले पनि प्रदर्शनका लागि नयाँ वर्ष रोजेको छ । यसको अघिल्लो श्रृंखला व्यावसायिक र समीक्षात्मक रुपमा सफल भएकाले सिक्वेलको प्रतिक्षा दर्शकमा व्यग्र छ । त्यस्तै, 'कबड्डी' फेम्ड निर्देशक रामबाबु गुरुङ समुहको फिल्म 'जारी' र अभिनेता दयाहाङ राई स्टारर फिल्म 'बिहे पास'ले पनि बैशाख १ गतेलाई प्रदर्शन मिति घोषणा गरिसकेका छन् ।

सम्भवत: अब यो मितिमा अरु फिल्महरु नथपिन सक्छन् । थपिए पनि त्यो चर्चाका लागि मात्र हुनेछन् । यो मितिमा 'भगवत् गीता' नआए पनि अरु चार फिल्म भने टसमस हुने छाँट देखिन्न । यो हुँदा घाटा चारै फिल्मका निर्मातालाई हुनेछ । दर्शक र हल दुवै बाँडिने हुँदा चारवटै फिल्मको व्यापार अपेक्षाकृत नहुन सक्छ । तर, निर्माताको इगोका कारण यो भिडन्त टर्ने सम्भावना न्यून छ ।

नयाँ वर्ष ठूलो चाड पनि होइन । न त सार्वजनिक विदा छ । तर, नयाँ वर्षमा दर्शक मनोरञ्जन खोज्दै हलसम्म पुग्छन् भन्ने विश्वासमा निर्माताले फिल्म प्रदर्शनका लागि उपयुक्त समय मानेको हुनुपर्छ । र, यसपाली बैशाख १ गते शुक्रबार परेको छ । यसले गर्दा पनि यो मितिमा निर्माता झुम्मिएका हुनसक्छन् । तर, एउटा सत्य के हो भने नेपाली बजारले एकै मितिमा चारवटा फिल्म धान्न सक्दैन ।

# परम्परागत संसदीय...



सत्ता भन्दा टाढा देख्नै नसक्ने, सत्ताका लागि आफ्नो सिद्धान्त, इतिहास, विरासत र युगले दिएको जिम्मेवारी बिर्सने नेतृत्व भएपछि राजनीतिक व्यवस्था अस्थिर हुने र देश विकासमा पछि पर्ने अवस्था आउने गर्छ । यसको साक्षी हामी छौं । दलहरूको यस्ता हर्कतबाट आजित भएका जनताले विभिन्न ठाउँमा स्वतन्त्र उम्मेदवार र नयाँ पार्टीहरूलाई विजय गराएर सच्चिनका लागि खबरदारी गरेको भए पनि दलहरू फेरि उही बाटोमा हिंड्ने संकेत देखिएको छ ।

कांग्रेसलगायतका दलहरूको भूमिकाले देशमा अस्थिरता निम्त्याउने, दलहरूका बीचमा वैमनश्यता पैदा हुने, विदेशी शक्तिलाई खेल्ने मौका हुने र सारमा संविधान र संघीय लोकतान्त्रिक व्यवस्थालाई खतरा पैदा हुने देखिन्छ । यसका साथै सरकार, संसद र न्यायालयबीचको जुन किसिमको शक्ति सन्तुलनको सिद्धान्त छ त्यसलाई पनि यसले खलबल पार्ने जोखिम देखिन्छ । संसदमा सरकारलाई खबरदारी गर्ने, जनताका आवाज उठाउने र सरकारलाई स्वेच्छाचारी हुनबाट रोक्ने काममा पनि संशय उत्पन्न भएको छ ।

यसमा नेपाली कांग्रेस मात्र हैन, सत्ता गठबन्धनमा समावेश नभएका नेकपा एकीकृत समाजवादी र लोसपा जस्ता दलहरू पनि उत्तिकै दोषी देखिन्छन् । यसले सबैभन्दा पुरानो र लोकतन्त्र तथा संसदीय राजनीतिको पक्षपाती दल कांग्रेसका जीवनमा धेरै पछिसम्म प्रश्नहरू उठिरहने छन् । केही पद र राजनीतिक नियुक्तिमा भागबण्डा पाउन र विदेशीको दबाव थेग्न नसकेर कांग्रेसले आफ्नो इतिहास र विरासत दाउमा लगायो भन्नेहरूलाई चित्तबुझ्दो जवाफ कांग्रेसले दिनैपर्छ ।

यी घटनाक्रमले कांग्रेसलाई मात्र हैन समग्रतामा दल, नेता र सारमा संविधान र व्यवस्थाप्रति नै नकारात्मक भाव पैदा हुने, जनतामा निराशा र आक्रोश बढ्ने देखिन्छ । यसले कुनै पनि मूल्यमा दल, संविधान र व्यवस्थालाई फाइदा गर्ने देखिंदैन । अहिले दलहरूले गर्ने व्यवहार र आफू अनुकूलको व्याख्याले भोलि कस्तो नजीर बस्छ भन्ने विषय पनि महत्वपूर्ण हुन्छ । यसैले संविधान, कानुन र व्यवस्थामा भएका छिद्र खोजेर अराजकता निम्त्याउनु भन्दा त्यसलाई टालेर समृद्ध पार्ने काममा नेताहरू लाग्नुपर्छ ।

यो दायित्व पूरा गर्दा नै नेता राजनेता बन्ने हो । तर यहाँ त नेताहरूलाई तिनै छिद्रबाट पसेर सत्ताको स्वाद लिने हतार छ । संविधान र व्यवस्था जता गए पनि मतलब छैन । दिउँसो होस् या राति, सपनामा होस् या विपनामा सत्ता भन्दा पर केही नदेख्ने नेता भएपछि कसरी देश बन्छ ? कसरी जोगिन्छ व्यवस्था ? जनताले के आशा गर्ने ? अहिले कांग्रेस, एकीकृत समाजवादी, लोसपा जस्ता दलहरूले आवश्यक नै नभएको अवस्थामा प्रधानमन्त्रीलाई विश्वासको मत दिएर गरेको (अ)राजनीति यही सोचविचारको उपज हो ।

अन्त्यमा, अब कि उनीहरूले संसदीय राजनीति असफल भएको घोषणा गरेर नयाँ शासकीय व्यवस्थाका लागि पहल गर्नुपर्‍यो कि संसदीय व्यवस्थाका मान्यतामा आधारित भएर राजनीतिक स्थिरता, न्याय, विकास, समृद्धि र सुशासन जनतालाई दिन सक्नुपर्‍यो । यो व्यवस्थालाई बलियो बनाउन, जनजीविका, गरिबी, विभेद, वञ्चितीकरण, हिंसा, बलात्कार जस्ता सामाजिक सवालहरू प्रभावकारी रूपमा संसदमा उठाउन नैतिक रूपमा नचुकेको प्रतिपक्षी शक्ति चाहिन्छ । समावेशी आर्थिक विकास, सुशासन, राजनीतिमा देखिएका विकृति, विसंगति र अराजकताका विरुद्धमा संसदमा आवाज उठाउन बलियो प्रतिपक्षको खाँचो छ । के कांग्रेस यसमा गम्भीर बनेर पाँच वर्ष प्रतिपक्षमा बस्न तयार होला ? *(साभार: अनलाइनखबर)*

# सिमरा सेजमा टायल्स उद्योगको शिलान्यास

वीरगञ्ज/विशेष आर्थिक क्षेत्र प्राधिकरण सिमरा 'सेज' मा पहिलो उद्योग स्थापना हुने भएको छ । ३४३ बिघा क्षेत्रफल ओगटेको सिमरा सेजको 'ए ब्लक' मा टायल्स तथा मार्बल उद्योग स्थापना गर्न लागिएको हो ।

टायल्स फ्याक्ट्रीका लागि ८ वटा प्लट लिएको उद्योगी तुलसी गुप्ताले बताए । भारतीय कम्पनी अशोक, आकृति टायल्स तथा मार्बल उद्योगसँगको सहकार्यमा सिमरा सेजमा उद्योग स्थापना तथा सञ्चालन गर्न लागेको उनले बताए ।

१५ प्रतिशत जति लगानी आफ्नो रहने र बाँकी भारतीय व्यवसायीको लगानी रहेको उनको भनाइ छ । उद्योगमा डेढदेखि २ सय करोडसम्म लगानी हुने अनुमान छ । 'नेपालमा आयात हुँदै आएका विभिन्न किसिमका फ्लोर टायल्स, वाल टायल्स उत्पादन गर्छौं' उद्योगी गुप्ताले भने 'त्यसका लागि आवश्यक माटोको ल्याब टेष्ट गराइसकेका छौं, पालुङ, भैरहवामा पाइएको छ ।'

असारमा उत्पादन सुरु गर्ने गरी काम अघि बढाउन लागिएको उद्योगी गुप्ताले जानकारी गराए । उद्योगमा १ सय देखि १२० जनाले रोजगारी पाउने उनले बताए ।

सिमरा सेजमा हर्वल प्रोसेसिङ उद्योग, कृषिमा आधारित उद्योग, सिमेन्ट कम्पनीका बोर्डहरु बनाउने, औषधि उद्योगलाई आवश्यक पर्ने उपकरण बनाउने र ठूलो संख्यामा गार्मेट उद्योग आएको सेजले जनाएको छ ।

उद्योगीलाई आकर्षित गर्न पछिल्लो समय सेजले जग्गाको भाडादर ५० प्रतिशतले घटाएर प्रति महिना प्रति वर्गमिटर १० रुपैयाँ बनाएको छ भने उत्पादनको पहिलो वर्षमै ६० प्रतिशत निर्यात गनुपर्ने बाध्यात्मक व्यवस्थालाई हटाएको छ ।

सुरुको २ वर्ष निर्यात गर्नु नपर्ने र तेस्रो वर्ष २० प्रतिशत, चौथो वर्ष ४० र पाँचौ वर्षदेखि कुल उत्पादनको ६० प्रतिशत भारत र चीनसहित तेस्रो मुलुकमा निर्यात गर्नुपर्ने व्यवस्था लागू गरेको छ ।

सेजले 'ए ब्लक' को ३ सय ४३ बिगाहामध्ये १६० बिगाहामा उद्योग सञ्चालनका लागि आवश्यक प्रशासनिक भवन, बैंक, बिमा, हुलाक, भन्सार, क्यान्टिन, आन्तरिक सडक पूर्वाधार, ढल, खानेपानी तथा विद्युतीकरणका लागि आवश्यक संरचना निर्माण भइसकेको जनाएको छ ।

विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) सहित निर्माण थालिएको सिमरा सेजमा नेपाल सरकारको करिब पाँच अर्ब लगानी भइसकेको छ । विस २०५९ सालमा वीरगञ्ज चिनी कारखाना बन्द भएपछि मन्त्रिपरिषद्को निर्णय मार्फत चिनी कारखानाको जग्गालाई उद्योग मन्त्रालय मातहतमा राखिएको थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दुई वर्षभित्र सञ्चालनमा ल्याउने गरी ०७४ साल १८ चैतमा सिमरा सेजको शिलान्यास गरेका थिए ।

सेजका कार्यकारी प्रमुख डा. चण्डिकाप्रसाद भट्टले विशेष आर्थिक क्षेत्र 'सेज' को 'ए ब्लक' मा रहेको ६८ वटा प्लट भाडामा लागिसकेको बताए । '१९ वटा उद्योगहरु पूर्ण रुपमा आउँदा १ हजार ५ सयले जनाले रोजगारी पाउँछन् । ५ अर्ब लगानी जति हुन्छ' उनले भने ।

सेजले उद्योगका लागि प्रतिप्लट एकदेखि डेढ बिगाहा क्षेत्रफलको हुने गरी जग्गाको संरचना तयार गरेको छ । कार्यकारी प्रमुख भट्टका अनुसार पहिलो वर्ष ५० प्रतिशत भाडा छुट दिने भन्ने ऐन संशोधन गरिएको छ । उद्योग स्थापनाको पहिलो वर्ष भाडामा ७५ प्रतिशत, दोस्रो वर्ष ५० प्रतिशत, र तेस्रो वर्ष २५ प्रतिशत छुट दिने र चौथो वर्षदेखि मात्रै पुरै भाडा लिनेगरि व्यवस्था मिलाइएको छ ।

'भाडा नै नलिँदा दुरुपयोग हुने जोखिम हुन्छ । पहिलो वर्ष २५ प्रतिशत मात्रै भाडा लिन्छौं, चौथो वर्षमा मात्रै पूर्ण रुपमा भाडा लिन्छौं', उनले भने 'सञ्चालन खर्च उठ्नुपर्छ भन्ने हो । कर्मचारीको तलब भत्ता तथा मर्मत सम्भार गर्न सक्ने रकम उठ्नुपर्छ ।'

*(स्रोत:अनलाइखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140,*
*057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

साझाकुरा


"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेबसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।
www.sajhakuranews.com

# २५ हजार दर्शकद्वारा शनिवार मेला अवलोकन

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ हेटौंडा-१०, स्थित भुटनदेवी पार्कमा जारी राष्ट्रिय औद्योगिक तथा व्यापार महोत्सवमा शनिवार एकैदिन २५ हजार दर्शकले अवलोकन गरेका छन् ।

११ माघदेखि सुरु महोत्सवमा शनिवार सबैभन्दा धेरै दर्शकहरुले अवलोकन गरेको आयोजक उद्योग वाणिज्य संघ मकवानपुरको सचिवालयले जानकारी दिएको छ । सार्वजनिक विदा परेकाले दर्शकहरुको बाक्लो भिड लागेको हो ।



महोत्सवमा रहेका ३ सय भन्दा बढी स्टलहरुमा करिब ४० लाख बराबरको कारोबार भएको अनुमान आयोजकको गरेको छ । राष्ट्रिय कलाकार गायिका टिका प्रसाई र गायक किरण भुजेलले हेटौंडेली दर्शकलाई चनाएका थिए । महोत्सवमा कमेडियन राजा राजेन्द्र पोखरेलले दर्शकहरुलाई हसाए ।

महोत्सवमा आइतबार चर्चित गायक रमेशराज भट्टराई, गायिका मञ्जु पौडेल, स्याण्डअप कमेडियन सीता न्यौपानेको धमक्केदार प्रस्तुती रहने आयोजकले जानकारी दिए । महोत्सवमा हेटौंडा आइडल गायन प्रतियोगिता र हेटौंडा डान्सिङ स्टार प्रतियोगिता पनि भइरहेको छ । हेटौंडा आइडल र हेटौंडा डान्सिङ स्टारमा मकवानपुरका विभिन्न नवप्रतिभाहरुले प्रतिस्पर्धा गरिरहेको महोत्सवका कलाकार मनोञ्जन समितिका संयोजकसमेत रहेका संघका उपाध्यक्ष तथा प्रवक्ता उज्वल चौलागाईले जानकारी दिए ।

१० औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सवमा हेटौंडा आइडल डान्सिङ स्टार, जुम्लाको मार्सी चामल, केराको मःम, रैथाने बाली कोदोको पिठो बाट कोदोको विष्कुट, निमकिन, पोखराको खुवा, नेपाल टेलिकमको फ्री सिमकार्ड, हिमाली भीरमौरीको मह, भोजपुरे खुकुरी, प्राचिन हस्तकलाको झ्याल, ढोका, पुस्तक प्रदर्शनी, आइसगोला र मकवानपुरे आइसक्रिम, ल्यापटप एवम् मोवाइलको फ्रि सर्भिससिङ, मोडुलर किचेन, टाटा, सिजीका विभिन्न किसिमका इलेक्ट्रिक गाडीहरु, बालबालिकाको लागि फन पार्क, स्थानीय एवम् राष्ट्रिय कलाकारहरुको दैनिक प्रस्तुती, हेटौंडा र अन्य अस्पतालका डाक्टरहरुबाट निःशुल्क स्वास्थ्य शिविर, क्यारियर काउन्सिलिङ र दैनिक उपभोग्य वस्तुहरुसमेत विक्री वितरण भइरहेको संघका महासचिव दिपक उप्रेतीले बताए । महोत्सव माघ २३ गतेसम्म सञ्चालन हुनेछ ।

# ३ दिने लेखा व्यवस्थापन तालिम शुरु

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ हेटौंडा-१९ बस्तीपुरमा ३ दिने लेखा व्यवस्थापन तालिम शुरु भएको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरको आयोजना र हेटौडा उपमहागरपालिकाको आर्थिक सहयोगमा शनिवार देखि ३ दिने लेखा व्यवस्थापन तालिम शुरु भएको हो ।

तालिमको उदघाटन गर्दै हेटौडा-१९ का वडा अध्यक्ष नरनाथ सुवेदीले सबै क्षेत्रमा व्यवस्थित र पारदर्शी किसिमबाट काम गर्नु पर्ने बताउदै सामुदायिक वन समूहहरुले गरेका कामहरुको ब्यवस्थित ढंगबाट अभिलेखीकरण गर्नु पर्ने बताए ।

सामुदायिक वन उपभोक्ता समूहले गरेका विभिन्न कार्यहरुको पारदर्शी, व्यवस्थित र संस्थागत ढङगबाट अभिलेखीकरण गर्न सिकाउने उद्धेश्यका साथ तालिमको आयोजना गरिएको महासंघले जनाएको छ । ३ दिन सम्म सञ्चालन हुने तालिममा वंशगोपाल माविका प्राचार्य रमेशप्रसाद लामिछाने, सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरका कोषाध्यक्ष बलराम अधिकारी, स्थानीय महासंघ, हेटौडाका अध्यक्ष शम्भुप्रसाद न्यौपाने, सहजकर्ता सन्ध्या शिवाकोटी र रानी सामुदायिक वनका कार्यालय सचिव भीमसेन पौडेलले सहजीकरण गर्ने कार्यक्रम छ ।

सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरका अध्यक्ष साधुराम चौलागाईको सभाध्यक्षतामा भएको उदघाटन कार्यक्रममा वडा सदस्य रमा गोले लगायतको उपस्थिति रहेको थियो । तालिममा सव डिभिजन वन कार्यालय, बसामाडी अन्तरगत रहेका विभिन्न सामुदायिक वनका अध्यक्ष, सचिव र कोषाध्यक्ष गरि ३५ जनाको सहभागिता रहेको छ ।

# हेटौंडामा शिक्षक दौड र स्लो स्कुटी रेस प्रतियोगिता हुने

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ हेटौंडामा जिल्लास्तरीय पुरूष शिक्षक दौड र महिला शिक्षक स्लो स्कुटी रेस प्रतियोगिता हुने भएको छ ।

हेटौंडा उपमहानगर पालिका वडा नम्बर-४ कार्यालयको आयोजना तथा नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरको व्यवस्थापनमा सहिद दिवसका अवसरमा माघ १६ गते हेटौंडामा प्रतियोगिता हुने भएको हो ।

शनिबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै हेटौडा-४ का वडाध्यक्ष नविन सिग्देलले खेलकुदलाई प्राथमिकता दिदै वडा कार्यालयले प्रतियोगिता आयोजना गर्न लागेको जानकारी दिए । सीमित आर्थिक स्रोत हुँदा पनि धेरै काम गरेको उनको भनाई छ । उनले स्नोकरलगायतका नयाँ खेलकुद गतिविधिलाई बढाउन वडा कार्यालयले सहयोग गरेको उनको भनाई छ ।

खेलाडीलाई सहयोग गर्दै आईरहको भन्दै आगामी बजेटमा भौतिक पुर्वाधारमा छुट्याएको बजेट बराबर शिक्षा र खेलकुदमा पनि विनियोजन गरिने सिग्देल बताउँछन् ।

शिक्षक संगठन मकवानपुरका अध्यक्ष श्रीराम दाहालले माघ १५ गतेभित्र प्रतियोगितामा सहभागी जनाउनेले नाम दर्ता गरिसक्नुपर्ने बताए । ४ नम्बर वडा कार्यालयबाट दौड सुरू भएर पारिजातपथ हुँदै कान्तिराजपथबाट भैरवरोड पुगेर पुनः वडा कार्यालयमा आईपुग्ने जनाईएको छ । दौड ३ किलोमिटरको हुनेछ ।




प्रतियोगितामा प्रथमलाई ७ हजार, दोस्रोलाई ५ हजार, तेस्रोलाई ३ हजार र चौथो हुनेलाई १ हजार रूपैयाँ पुरस्कार रहेको आयोजकले जनाएको छ । यसैगरी स्लो स्कुटीमा प्रथम हुनेलाई ७ हजार, दोस्रो हुनेलाई ५ हजार र तेस्रो हुनेलाई ३ हजार पुरस्कार र हनेछ । दौडमा १ सय ५० जाना शिक्षक र स्लो स्कुटीमा करिब ७० जना सहभागी हुने अपेक्षा गरिएको छ । संस्थागत र सामुदायिक विद्यालयका शिक्षकहरूले सहभागी हुन सक्ने जनाईएको छ ।

पुर्वशिक्षकहरूले पनि दौडमा सहभागी हुन सक्ने अध्यक्ष दाहालले जानकारी दिए । एथ्लेटिक्स संघका केन्द्रीय सदस्य प्रभाकर पाण्डेले प्रतियोगितामा प्राविधिक सहयोग रहने प्रतिबद्धता जनाए । एथ्लेटिक्स खेलको विकासमा वडा कार्यालयले खेलेको भूमिकाको उनले प्रशंसा गरे ।

खेलकुदमा राजनीतिक पूर्वाग्रह नराखी सबै जना सहभागी हुनुपर्ने धारणा राखे । जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष भेष खड्गीले खेलकुद गतिविधि बढाउन सबै निकायले सहयोग गरेकोमा खुशी व्यक्त गरे । समितिसँग पर्याप्त आर्थिक स्रोत नभएकाले खेलकुद प्रतियोगिताहरू गर्न नसकिएको जानकारी दिए । समितिले नै गर्न नसकेको खेलकुल गतिविधिहरू वडा कार्यालयले गर्न लागेको भन्दै वडा अध्यक्ष सिग्देलको प्रशंसा गरे ।

# निजामती कर्मचारीलाई प्रशिक्षणात्मक कार्यक्रम



साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्यसमिति मकवानपुरले कर्मचारीहरुको लागि प्रशिक्षणात्मक कार्यक्रम गरेको छ ।

शनिबार संगठनले कर्मचारीहरुको लागि वन भोज तथा प्रशिक्षणात्मक कार्यक्रम गरेको हो । कार्यक्रममा नेपाल निजामती कर्मचारी संगठनका मकवानपुरका अध्यक्ष यादविन्द्र पौडेलको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रतिनिधिसभा सदस्य तथा एमाले बागमती प्रदेशका उपसचिव महेश कुमार बर्तौला तथा बागमती प्रदेशका श्रम रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठको विशेष आतिथ्यता रहेको थियो ।

कार्यक्रममा नेपाल निजामती कर्मचारी संगठनमा रहेर काम गर्दै आएका संघीय वन तथा वातावरण मन्त्रालयका सहसचिव नवराज पुडासैनी र प्रदेशको सामाजिक विकास मन्त्रालयका सचिव राम शरण सापकोटालाई सम्मान गरिएको थियो ।

सांसद बर्तौला र मन्त्री श्रेष्ठले उनीहरुलाई सम्मान गरेका थिए । कार्यक्रममा नेपाल निजामती कर्मचारी संगठनका केन्द्रीय अध्यक्ष लेखनाथ कोइराला, केन्द्रीय सचिवालय सदस्य तथा बागमती प्रदेश इन्चार्ज विष्णु प्रसाद अर्याल लगायतकाको आतिथ्यता रहेको थियो ।

# नेल्टाद्वारा थाहामा प्रश्नपत्र निर्माण कार्यशाला

साझाकुरा संवाददाता

हेटौडा, १४ माघ/अंग्रेजी भाषाका शिक्षकहरुको संगठन नेल्टा मकवानपुरले थाहा नगरपालिकामा अंग्रेजी भाषा शिक्षकहरुको लागि एकदिने प्रश्नपत्र निर्माण कार्यशाला आयोजना गरेको छ ।

थाहा-१, कुन्छालको सुनौलो विकास केन्द्रको सभाहलमा नेल्टा मकवानपुरका अध्यक्ष संगम चौलागाईंको सभाध्यक्षतामा भएको कार्यक्रममा अंग्रेजी भाषा विषयका प्रशिक्षक सरोज लामिछाने आधार भूत तथा माध्यमिक विषयका अंग्रेजी विषयको पाठयक्रम तथा, विशिष्टिरण तालिका अनुरुप विषयगत तथा वस्तुगत प्रश्नपत्र निर्माणको ढाँचा तथा तरिकाका बारेमा छलफल गरिएको थियो । कार्यक्रममा पालिकाका कुल ४९ जना अंग्रेजी भाषा शिक्षकहरुको उपस्थिति रहेको थियो ।

यसैगरी सुनौला माविका शिक्षक सतल उप्रेतीको संयोजकत्वमा सबै वडाको प्रतिनिधित्व हुने गरी १३ सदस्यीय थाहा कल्सटर पनि गठन गरिएको छ । कार्यक्रममा नेल्टा




मकवानपुरका उपाध्यक्ष उत्तम अर्याल तथा सहसचिव सुरेश रेग्मीको पनि उपस्थिति रहेको थियो । सुनौलो सामुदायिक केन्द्र तथा थाहा नगर पालिकाले सहयोग गरेको कार्यक्रम सुनौलो सिकाइ केन्द्रका अध्यक्ष तथा नेल्टाका कार्यकारी सदस्य रुपचन्द्र गोपालीले समन्वय गरेका थिए ।

# ग्रिल व्यवसायी संघको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ हेटौंडामा मकवानपुर ग्रील तथा स्टिल व्यवसायी संघको १० औं वार्षिक साधारणसभा भएको छ ।

संघका अध्यक्ष केशव प्रसाईको सभाध्यक्षतामा भएको साधारणसभामा ग्रील तथा स्टिल व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष एवम् घरेलु तथा साना उद्योग महासंघका केन्द्रीय उपाध्यक्ष मोहन कटुवालको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा बोल्दै कटुवालले व्यवसायीहरुको समस्या समाधान गर्न सरकारी निकायले अग्रसरता देखाउनु पर्ने बताएका छन् । हेटौंडा उपमहानगरपालिका-४ नम्बर वडाका वडाध्यक्ष नवीन सिग्देलले व्यवसायीको समस्या समाधान गर्न जनप्रतिनिधि हरुसँग छलफल गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष निराजन कुमार श्रेष्ठ, प्रथम उपाध्यक्ष ठूलोबाबु श्रेष्ठ, केन्द्रीय उपाध्यक्षहरु केदार अधिकारी, रुपेन्द्रबहादुर बानियाँ, इश्वरबहादुर खड्का, रणबहादुर विश्वकर्मा, महासचिव विवेकदास श्रेष्ठ, सचिव सुमदिन शेष, कोषाध्यक्ष कमलमान श्रेष्ठ, सहसचिव भोजराज खड्कालगायतको आतिथ्यता थियो ।

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन**

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

**हेटौडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि

**हेटौडा सिटी हस्पिटल प्रा.लि.**

हेटौडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५

समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

**थप सुविधाका साथ हाम्रा सेवाहरु**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरू :**
- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्धारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, बिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

**रेष्टुरेन्ट बिक्रीमा**

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.:**
९८४५२९०३९१, ९८५५०८५३९१

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नम्बर:**
९८४५०२७०६४/९८५५०६८०३८

**कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**

हेटौंडा, मकवानपुर

**प्रस्ताव आव्हानको सूचना**

*मिति: २०७९/१०/१५*

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरु सञ्चालनका लागि यो सूचना प्रकाशित मितिले तिस (३०) दिन भित्र रु. दश (१०) को हुलाक टिकट टाँसी पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९ को अनुसूची-२ अनुसारका तपशिलका कागजातहरु, अनुसूची ३ बमोजिमको आवेदन पत्र र अनुसूची-४ बमोजिमको कार्ययोजना बमोजिमको कार्ययोजना संलग्न राखी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मकवानपुरमा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन ।

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | परिणाम | साझेदारी रकम | साझेदार संस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खरि बाखा विकास कार्यक्रम | प्याकेज प्याकेज | २ ३ | २५ लाख वा लागतको ५०% नबढ्ने गरि | दर्तावाल कृषक समुह | संचालन प्रकृयामा भएको मापदण्ड पुरा गर्नु पर्नेछ । |
| २ | पुशपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम | | | १५ लाख वा लागतको ५०% नबढ्ने गरि | दुग्ध उत्पादक सहकारी संस्था | संचालन प्रकृयामा भएको मापदण्ड पुरा गर्नु पर्नेछ । |

**आवेदन पत्र साथ संलग्न गर्नु पर्ने कागजातहरु**

१) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,
२) कृषक समूह/सहकारी/निजी उद्यमी दर्ता र PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि,
३) गत आ.व.को लेखा परिक्षण प्रतिबेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि (वा अन्य कुनै प्रमाणित कागज)
४) कृषक समूह/सहकारीको हकमा बैठक निर्णय प्रतिलिपि,
५) जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा पाँच (५) वर्षको करार सम्झौता पत्र,
६) कार्यक्रममा सहभागी गराइदिने सम्बन्धी सम्बन्धित स्थानीय तहको सिफारिस,
७) अनुसूचि - ५ बमोजिमको स्व-घोषणा पत्र,
८) अनुसूची ७ बमोजिमको कार्य स्थान खुल्ने नक्सा,
९) समूह/सहकारीले प्रोत्साहन माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाइएको पत्र,

**फोन नं.:०५७-४१२८२८, ०५७४१२५७१ फ्याक्स: ०५७-४१२५७१, ईमेल :** vhospitalmak@gmail.com

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना